निर्णयहरू:-

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १९७३, मिति २०७८-१२-०२ को पत्रबाट कार्यालयमा अनधिकृत व्यक्ति निषेध सम्बन्धमा लेखि आएको हुँदा कार्यालयहरूमा तोकिएका पदका तोकिएका कर्मचारी बाहेक पारिश्रमिक पाउने वा नपाउने गरी कुनै पनि प्रकारले अनधिकृत व्यक्तिलाई काममा नलगाउने र त्यस्ता व्यक्तिलाई कुनैपनि प्रकारले कार्यालयको कम्प्युटर, प्रविधि, अन्य श्रेस्ता/अभिलेख वा जिन्सी सामग्रीमा पहुँच निषेध गरी सो को अनुगमन गर्ने व्यवस्था मिलाउने ।

२. श्री गृह मन्त्रालय, सूचना प्रविधि शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १२४, मिति २०७८-१२-०७ पत्रबाट कार्यालयहरूमा सुरक्षित साथ ईमेल प्रयोग गर्ने सम्बन्धमा लेखि आएको हुँदा सुरक्षितसाथ ईमेल प्रयोग गर्न देहायबमोजिम गर्न, गराउनु हुन अनुरोध छ ।

   क. ईमेल Attachment मा सम्बन्धित फाइल (pdf, jpg, png आदि) नै रहेको वा कुनै लिंक रहेको यकिन गरेर मात्र सोमा Click गर्नु हुन,

   ख. Attachment download/open गर्न प्रयास गर्दा Click गरी सकेको अवस्थामा, session logout भइसकेकोले Username, Password प्रविष्टि गर्न भनेमा Username, Password प्रविष्टि नगर्नुहुन र सोको URL address यकिन गर्नुहुन,

   ग. फिसङ्ग/स्प्याम ईमेलहरू प्राप्त भएको जानकारी भए पश्चात् सम्बन्धित mail domain हेर्ने निकाय/सम्बन्धित शाखालाई सोको जानकारी यथाशीघ्र गराउनुहुन,

   घ. ईमेलमा सुरक्षित Password को प्रयोग तथा समय समयमा Password परिवर्तन गरी प्रयोग गर्नुहुन ।

३. राष्ट्रिय सूचना आयोगबाट सार्वजनिक निकायमा कार्यरत ५ जना सूचना अधिकारीहरूलाई उत्कृष्ट सूचना अधिकारी पुरस्कारबाट पुरस्कृत गरिने सूचना प्रकाशित भएको हुँदा मिति २०७८-१२-१५ गतेभित्र राष्ट्रिय सूचना आयोग (info@nic.gov.np)मा पुग्ने गरी कार्यालय प्रमुखले (**फाराम नं. ३**- सिफारिस गरिने फाराम राष्ट्रिय सूचना आयोगको वेबसाइट www.nic.gov.np बाट डाउनलोड गर्न सकिने) अनुसार सिफारिस गरी पठाउने ।

४. आसन्न स्थानीय तहको निर्वाचन सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट कर्मचारी तथा चारपाङ्ग्रे सवारी साधनको विवरण माग गरिएकोमा विवरण उपलब्ध नगराउने कार्यालयहरूले यथाशीघ्र तोकिएको ढाँचामा विवरण उपलब्ध गराउने ।

प्रमुख जिल्ला अधिकारी